# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल भाद्र १५ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश बिशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश प्रहरी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णयानुसार गर्ने।" |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | साविक घरेलु तथा साना उद्योग विकास समितितर्फका अस्थायी कर्मचारीहरुको म्याद २०७७ साल पौष मसान्तसम्मका लागि थप गरी हाल कार्यरत कार्यालयहरुमा साविककै सेवा सुविधा पाउने गरी कामकाजमा खटाउने व्यवस्था मिलाउने। |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| ७. | सामाजिक विकास मन्त्रालय | कोरोना भाइरस रोग (कोभिड-१९) को प्रतिकार्य रोकथाम तथा उपचारको लागी कर्णाली प्रदेशका ५ वटा नाकामा खटाइएका हेल्थ असिस्टेन्ट ३२ जना तथा स्टाफ नर्स/अ.न.मी. २६ जना गरी जम्मा ५८ जना स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद २०७७ श्रावण १ देखि २०७७ असोज मसान्त सम्मको लागि थप गर्ने साथै २०७७ असोज मसान्त पछि कोभिड-१९ को प्रभाव यथावत रहेमा मन्त्रालयले आवश्यकता बमोजिम बढीमा २०७८ असार मसान्त सम्म एकपटकमा ३ महिनामा नबढ्ने गरी म्याद थप गर्न स्वीकृति प्रदान गर्ने । |
| ८. | सामाजिक विकास मन्त्रालय | कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| ९. | सामाजिक विकास मन्त्रालय | कोभिड १९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यका लागि खटिएका विभिन्न जिल्लाका १७६ जना सामुदायिक नर्स (स्टाफ नर्स र अनमी) हरुको २०७७ श्रावण १ देखि ६ (छ) महिनाको लागि म्याद थप गरी साविक बमोजिमकै काम काजमा खटाउने । |